# खडक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

☎ ०३१-५४००५४


पत्र संख्याः २०८३/०८४(शिक्षा शाखा)

चलानी नं.: ४३१

मितिः२०८३/०६/०१

**विषयः अनिवार्य अवकाश उमेर सम्बन्धमा।**

**श्री सामुदायिक विद्यालय सबै,**

**खडक नगरपालिका, सप्तरी**

प्रस्तुत विषयमा श्री शिक्षा विकास तथा समन्वय एकाई, सप्तरीको च.नं.१३७३, मिति २०८३/०२/२९ गतेको पत्रानुसार यस खडक नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत विद्यालय प्रशासन तथा लेखा कर्मचारी, विद्यालय सहयोगी कर्मचारी, अस्थायी करार कर्मचारी, प्रारम्भिक वाल विकास केन्द्रका सहजकर्ता तथा सहयोगिको उमेरहद ६० वर्ष कायम गरिएको हुँदा तहाँ विद्यालयमा माथि उल्लिखित कर्मचारीहरु ६० वर्षको उमेरहद पार गरि सके पनि कार्यरत रही आएको भएमा मिति २०८३/०६/०२ गते देखि लागु हुने गरी विद्यालयमा हाजिर नगराउन हुनको साथै रिक्त पद पूर्तिको लागि वि.व्य.स.को निर्णय सहित माग गर्न अनुरोध छ । साथै त्यसरी तोकिएको मिति भन्दा पछाडी हाजिर गराइएको पाइमा सो को जवाफदेही विद्यालयको प्रधानाध्यापक रहने समेत जानकारी गराईन्छ ।

वोधार्थः

१.श्री प्रमुख प्रशासकीय अधिकृत खडक नगरपालिका

२.श्री सूचना प्रविधि शाखा वेवसाइटमा प्रकाशन गरिदिनु हुन ।

२०८३/०६/०१

विजय कुमार देवकोटा

शिक्षा प्रमुख